Bharatpur Pragya : Journal of Multidisciplinary Studies
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

नेपालमा सहकारी सञ्चालनमा देखिएका चुनौती

सञ्जीव पौडेल
सञ्चालक समिति सदस्य, कृषि विकास बैंक लि.

Article History : *Submitted : 26th Nov. 2024; Reviewed : 20th Jan. 2025; Revised : 14th Feb. 2025.*
Corresponding Author : *Sanjeev Poudel* ***E-mail :*** *poudelsanjeev2010@gmail.com*
DOI : *https://doi.org/10.3126/bpjms.v3i01.76250*

सारसङ्क्षेप

यो लेख नेपालमा सहकारी सञ्चालनमा देखिएका चुनौतीको अध्ययनसँग सम्बन्धित छ । सहकारी एउटा निश्चित भौगोलिक सीमाभित्र बसोवास गर्ने र समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरूले आपसी हितका निम्ति आर्थिक कारोवार गर्ने अवधारणा हो । यसबाट मानिसका आवश्यकताहरू, जस्तै : रोजगारी, स्वास्थ्य, शिक्षा र जीवनस्तर सुधार गर्न सकिन्छ । संसारका सहकारीहरू सैद्धान्तिक मूल्य मान्यता र कानुनी आधारमा सञ्चालन हुनुपर्दछ भन्ने मान्यता राखिएको हुन्छ । विश्वव्यापी रूपमा सहकारी कार्यक्रम सफल हुँदा नेपालमा झन्डै पच्चिस प्रतिशत जनसङ्ख्या संलग्न भएको र सत्तरी वर्षको इतिहास भएको सहकारी क्षेत्रमा विभिन्न चुनौती देखा परेका छन् । यो लेखमा यिनै चुनौतीहरू खोज्ने उद्देश्य रहेको छ । यस लेखमा द्वितीय स्रोतसामग्रीको समीक्षा र विश्लेषण गरी सहकारीका चुनौतीहरु पहिचान गरिएको छ र सहकारी क्षेत्रमा सहकारीका सिद्धान्तमा, मूल्य मान्यता र अभ्यासमा बनेका ऐन कानुनमा समेत चुनौती भएको निष्कर्ष निस्किएको छ । सहकारी सञ्चालनमा देखिएका विकृति र अपचलनजस्ता विषयमा समाजमा बहस चलिरहेको वर्तमान अवस्थामा सहकारी क्षेत्रका निहित चुनौतीहरूलाई पहिचान गरेर समस्या समाधान गर्न सहयोग पुग्ने हुनाले यस लेखको महत्त्व रहेको छ ।

शब्दकुञ्जी: गरिबी, चुनौती, मूल्य र मान्यता, सहकारी, सिद्धान्त ।

विषयप्रवेश

नेपाली शब्दकोशका अनुसार सहकारी संस्था भन्नाले किसान, मजदुर वा साना पुँजी भएका व्यवसायी वा उपभोक्ताहरूले साझा रूपमा मिलेर सबैको निम्ति उपभोग्य वस्तुको उत्पादन वा वितरण आदिको प्रबन्ध गर्ने र पुँजी तथा श्रमअनुसार मुनाफा बाँडिने एक संस्था भनिएको छ (*त्रिपाठी र अन्य,* २०७५, पृ. १२५२) । सहकारीको साधारण अर्थ सहकार्य, सहअस्तित्व, समान कार्य वा सँगसँगै गरिने कार्यलाई जनाउँछ । सदस्यकै नियन्त्रण सदस्यकै हित, उनीहरूकै स्वामित्व भएको सामाजिक व्यवसाय नै सहकारीको सर्वमान्य सिद्धान्त हो । रवर्ट ओवेनका अनुसार सदस्यहरूद्धारा नियन्त्रित भई उनीहरूकै निर्णय र उनीहरूका लागि गठित संस्था हो । फुटकर उपभोग्य उत्पादनका क्षेत्रमा सहकारीको आधारमा उत्पादन, वितरण र व्यवस्थापन गरेरमात्र उत्पादन बढाउन, शोषण हुनबाट जोगिन र सामूहिक हितका लागि काम गर्न सकिन्छ (बडाल, २०७५, पृ. ४) । अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (१९९५) का अनुसार सहकारिता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसायमार्फत साझा आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकाङ्क्षा पूरा गर्न स्वेच्छाले सङ्गठित भएका व्यक्तिहरूको स्वायत्त संस्था हो (बडाल, २०७१, पृ १) भनी परिभाषित गरिएको छ ।

युरोपमा भएको औद्योगिक क्रान्तिले अठारौँ शताब्दीको अन्त्य र उन्नाइसौँ शताब्दीको सुरुवातमा औद्योगिक

Copyright 2025© the Author(s)

उत्पादन, प्रविधि र आर्थिक विकासमा ठुलो परिवर्तन ल्यायो । यसलाई आधुनिक युगको सुरुवातका रूपमा पनि लिइन्छ । बेलायतमा औद्योगिक क्रान्तिपश्चात् कपडा कारखानामा काम गर्ने अठ्ठाइस जना मजदुरहरूले एकएक पाउन्ड जम्मा गरी 'रोजडेल इक्वीटेवल सोसाइटी' पसल खोली सहकारीको सुरुवात गरेका हुन् । यो सहकारीको अवधारणा सन् १८४४ डिसेम्बर २१ का दिन बेलायतको म्यानचेस्टर सहरबाट सुरु भएको मानिन्छ (हाडा, २०७१, पृ. ११४) । श्रमिकहरूको आर्थिक र सामाजिक उत्थानका लागि सहकारी मोडेल प्रभावकारी साबित भयो । विश्वमा आज पनि सहकारीहरूले समाजमा समानता, सहयोग र न्यायको भावना जगाउने काम गरिरहेका छन् (बडाल, २०७५, पृ. २) । नेपालमा औपचारिक रूपमा २०१३ सालमा सहकारी संस्था स्थापना भएको मानिन्छ । कानुनी रूपमा २०१६ सालमा सहकारी संस्था ऐन जारी भएको थियो (*प्रतिवेदन,* २०८१, पृ. ६१) । २०४६ सालको परिवर्तनपछि सहकारी ऐन २०४८ जारी गरिएको थियो । यही ऐनअन्तर्गत रही सहकारी नियमावली २०४९ जारी भई सोही आधारमा सहकारी संस्थाहरू खोलिएका थिए (बडाल, २०७५, पृ. ११९) । यसरी यो ऐन र नियमावली आएपछि टोलटोलमा सहकारीहरू खोल्न थालियो । नेपालको संविधान २०७२ आएपछि सहकारी संस्थाले संवैधानिक मान्यता पनि पायो । नेपालको संविधान २०७२ को धारा ५१ घ (१) अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने (*नेपालको संविधान,* २०७२, पृ. २१) भनेर अर्थतन्त्रको परिकल्पना पनि गरिएको छ । यसै क्रममा संयुक्त राष्ट्र सङ्घद्वारा सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासको लक्ष्य अगाडि सारेको छ । सार्वजनिक र निजी क्षेत्रसँगै सहकारी क्षेत्रले पनि मुलुकको अर्थतन्त्रलाई क्रियाशील बनाइरहेको छ (*सोह्रौँ योजना,* २०८१, पृ. १६, २३) तर केही दशकयता केही स्वार्थी समूहले आफ्नो निजी फाइदाका लागि सहकारीको प्रयोग गर्दा सहकारी अभियानले सार्थकता भने पाउन सकेको छैन । उक्त लक्ष्यमा गरिबी पाँच प्रतिशतमा झार्ने कुरा उल्लेख गरेको छ (*सापकोटा,* २०७८, पृ. ७२) । यसरी गरिबी न्यूनीकरण र देशको आर्थिक मेरुदण्डकै रूपमा सहकारीलाई आधार स्तम्भ बनाइएको छ । यसरी देशको आर्थिक आधार भएको सहकारीको सत्तरी वर्षे इतिहासमा पछिल्ला दिनहरूमा विकृति र सञ्चालनमा धेरै समस्या तथा चुनौती देखिई समाधान गर्न भनेर विभिन्न समिति तथा कार्यदल गठन भएका छन् । सहकारीका बारेमा सुधार सुझाव समितिहरू बनी प्रतिवेदन दिएका भए तापनि सहकारीमा देखिएका चुनौतीका बारेमा छुट्टै अध्ययन भएको देखिँदैन । पछिल्लो समयमा सहकारीमा देखिएका विविध समस्याका बारेमा देशमा सहकारीकर्मी, राजनीतिकर्मी, व्यवसायी तथा आम जनसमुदायमा समेत सहकारीका बारेमा निकै ठुलो बहस र चर्चा भइरहेका सन्दर्भमा सहकारीमा देखिएका चुनौतीका बारेमा अध्ययन गर्नु उपयुक्त र सान्दर्भिक देखिन्छ तर हालसम्म यसबारे गहन अध्ययन नभएकाले यही शोधरिक्तता पूरा गर्नका लागि यो अध्ययन गरिएको छ ।

पूर्वकार्यको समीक्षा

नेपालमा झन्डै सत्तरी वर्षको सहकारी इतिहासमा अहिलेसम्म आइपुग्दा कुल सहकारी सङ्ख्या २९,८८६ छन् । यसमध्ये सङ्घीय सरकारअन्तर्गत एक सय पच्चिसवटा सहकारी संस्था रहेका छन् भने प्रदेश सरकारअन्तर्गत ६,००२ सहकारी संस्था रहेका छन् । त्यस्तै स्थानीय सरकारअन्तर्गत २३,७५९ सहकारी संस्था रहेका छन् । संस्थामा आबद्ध कुल सदस्य सङ्ख्या ७३ लाख ७ हजार ४६२ रहेको छ । २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजारमा कुल जनसङ्ख्याको अठ्ठाइस प्रतिशत सहकारीमा आबद्ध रहेका छन् । सदस्यहरूमा महिलासदस्य ५६ प्रतिशत र पुरुषसदस्य ४४ प्रतिशत देखिएका छन् । देशभरिमा कुल शेयर पुँजी ९४ अरब छ । सहकारीमा बचत सङ्कलन रकम ४ खर्ब ७८ अरब रहेको छ । कुल ऋण रकम ४ खर्ब २६ अरब रहेको पाइएको छ । देशभरि ८८,३०९ जनालाई प्रत्यक्ष रोजगार दिएको छ (*सहकारी झलक,* २०७७, पृ. २२) । यसरी सत्तरी वर्षेदेखिको सहकारी अभियान र आर्थिकरूपमा यति ठुलो कारोवार देखिएको क्षेत्रमा किन समस्याहरू आए, यसका चुनौतीहरू के के हुन् ? भन्नेबारेमा अध्ययन भएको देखिएको छैन ।

सहकारीका विभिन्न ऐन, नियम तथा सञ्चालनका अभ्यास सम्बन्धमा विभिन्न समयमा समितिहरू बनाउँदै प्रतिवेदन लिँदै गरेको छ। २०२४ सालमा 'केन्द्रीय छानबिन समिति' बनाएको पाइन्छ। त्यस्तै २०३६ सालमा 'साझा विकास योजना' सुरु गर्नुअगाडि २०३५ सालमा एउटा 'अध्ययन टोली' गठन भएको पाइन्छ भने २०४२ सालमा 'साझा अभियानको विकास र विस्तारसम्बन्धी योजना' अध्ययन गर्न टोली गठन गरेको पाइन्छ। बहुदलीय व्यवस्थाको स्थापनासँगै सहकारी क्षेत्रलाई कसरी अगाडि बढाउन उपयुक्त हुन्छ ? भन्नेबारे गठन भएको राष्ट्रिय सहकारी महासङ्घ परामर्श समिति गठन भएको पाइन्छ। यसरी २०४७ सालबाट सुरु भएको अध्ययन २०८० सालमा गठित 'सहकारी क्षेत्र सुझाव कार्यदल'मा आइपुगेको देखिन्छ। २०४७ सालयता ३३ वर्षका अवधिमा विशिष्ट कार्यदेश र कार्यसीमा तोकेर नौवटा आयोग, समिति र कार्यदल गठन भएका छन्। प्रतिनिधि सभाबाट २०८१ साल जेठ १५ गते सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबिन समिति गठन भएको छ (*प्रतिवेदन*, २०८१, पृ. ५६)। हाल नेपालमा सञ्चालित तीस हजार सहकारी संस्थाको अवस्थाको विश्लेषण गर्ने हो भने अधिकांश संस्थाका सञ्चालकहरूको सोच सकारात्मक छ तर यी सैद्धान्तिक विषयसँग जानकार नै छैनन्। पन्ध्रदेखि बिसप्रतिशत संस्थाका सञ्चालकहरूमा सैद्धान्तिक विषयको जानकारी छ तर त्यसको कार्यान्वयन पक्षसँग क्षमता र दक्षताको तालमेल मिलेको छैन। अर्को पन्ध्र प्रतिशत हाराहारीका संस्था सञ्चालकहरूले सैद्धान्तिक सन्तुलन मिलाएर संस्था सञ्चालन गरेका छन्। दस प्रतिशत हाराहारी संस्थाका सञ्चालकहरू सैद्धान्तिक विषयमा राम्रो जानकारी र दख्खल राख्दछन्। निहित स्वार्थका कारण सोको कार्यान्वयन गर्दैनन्। जोखिममा पर्ने संस्थाहरू अधिकांश यसै वर्गमा पर्दछन् (तिमिल्सिना, २०७९, *अन्नपूर्ण पोष्ट*)। यसरी सहकारीसम्बन्धी एउटा पक्षमात्र अध्ययन भए तापनि नेपालमा सहकारी सञ्चालनमा देखिएका चुनौतीका बारेमा गहन अध्ययन नभएकाले यो अध्ययन गर्न लागिएको हो।

समस्या र उद्देश्य

प्रस्तुत अध्ययन नेपालमा सहकारी सञ्चालनमा देखिएका चुनौतीमा आधारित छ। सहकारीमा देखिएका चुनौती फरक फरक किसिमका रहेका छन्। यस लेखमा सहकारी सञ्चालनमा देखिएका समस्या र सामना गर्न परिरहेका चुनौतीका बारेमा केन्द्रित छ। तिनै चुनौतीहरूको निक्यौल गर्ने यो अध्ययनको मुख्य उद्देश्य रहेको छ।

अध्ययनविधि

यस अध्ययनमा पुस्तकालयलाई सामग्री सङ्कलनको मुख्य स्रोत बनाइएको छ। मुख्य समस्या पहिचानका लागि द्वितीय स्रोतमा आधारित सामग्री उपयोग गरिएको छ। विभिन्न विद्वान्हरूले सहकारीसँग सम्बन्धित प्रकाशन गरेका पुस्तक, खोजपूर्ण लेखरचनाहरू तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको खोजी गरिएको छ। यसका साथै सहकारी सुधारसम्बन्धी नेपालमा बनेका समितिहरूको प्रतिवेदन र विद्यमान ऐनकानुनको अध्ययन गरी विश्लेषण विधिबाट निष्कर्ष निकालिएको छ।

सहकारी विकास र अभ्यास

सहकारीको अवधारणा सन् १८४४ डिसेम्बर २१ का दिन बेलायतको म्यानचेस्टर सहरबाट सुरु भएको मानिन्छ। बेलायतमा औद्योगिक क्रान्तिपश्चात् कपडा कारखानामा काम गर्ने अठ्ठाइस जना मजदुरहरूले एकएक पाउण्ड जम्मा गरी रोजडेल इक्विटेवल सोसाइटी पसल खोली सहकारीको सुरुवात गरेका हुन् (हाडा, २०७१, पृ. ११४)। सहकारीका पिता भनेर बेलायतका रोबर्ट ओबेन (१७७१-१८५८) लाई मानिन्छ। उनी कपासव्यापारी थिए। उनले आफ्नो व्यापारमा संलग्न कर्मचारीहरू र तिनका बालबच्चालाई राम्रो शिक्षादीक्षा दिन बचत गर्नुपर्ने अवधारणाअनुसार 'कोअपरेटिभ स्टोर' खोलेर सहकारीको रूप दिएका हुन्। त्यसपछि नियम नै बनाएर सन् १८४४ मा सहकारीको रूपमा स्थापित भएको मानिन्छ (बडाल,

२०७५, पृ. २) । औद्योगिक क्रान्तिले सहकारी आन्दोलनको उदयको निम्ति मार्ग प्रशस्त गऱ्यो । विश्वमा केही महत्त्वपूर्ण देशका सहकारी अभियानसम्बन्धी विवरण तालिका दुईमा दिइएको छ। विश्वका विकसित मुलुक तथा छिमेकी देशहरूमा समेत सहकारीको विकास भइरहँदा नेपालमा पनि यसको प्रभाव पर्न गयो । नेपालका प्रधानमन्त्री जुद्धशमशेर राणाले वि.सं. २००० मा 'कोअपरेटिभ सोसाइटी' स्थापना गरी सहकारी संस्थाको प्रयास गरेको कुरा भीमबहादुर पाण्डेको *नेपाल* पुस्तकमा उल्लेख गरिएको पाइन्छ । यसै क्रममा २००७ सालको परिवर्तनपछि २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालय मातहत रहने गरी सहकारी विभाग स्थापना भएको पाइन्छ।

औपचारिक रूपमा २०१३ साल चैत्र २० गते चितवन जिल्लाको गुञ्जनगरमा बखानसिंह गुरुङको नेतृत्वमा 'बखान ऋण समिति'को रूपमा पहिलो सहकारी स्थापना भएको इतिहास पाइन्छ। नेपालमा पहिलो पटक २०१६ सालमा सहकारी संस्था ऐन २०१६ जारी भएको हो। यही ऐनअन्तर्गत २०१८ सालमा सहकारी संस्था नियामावली २०१८ जारी भयो। दोस्रो पटक सहकारी ऐन २०४८ जारी गरेको थियो । यही ऐनअन्तर्गत रही सहकारी नियमावली २०४९ जारी भयो (*प्रतिवेदन,* २०८१, पृ.४५) नेपालको संविधान २०७२ को धारा ५१ घ (१) अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने (*नेपालको संविधान,* २०७२, पृ. २१) भनेर अर्थतन्त्रको परिकल्पना पनि गरिएको छ। यसरी गरिबी न्यूनीकरण र देशको आर्थिक मेरुदण्डकै रूपमा सहकारीलाई आधारस्तम्भ बनाइएको पाइन्छ। तेस्रो पटक २०७४ सालमा सहकारी ऐन २०७४ जारी भयो। सहकारी सङ्घसंस्थाका लागि सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन २०७४ समेत जारी भयो । २०७५ सालमा सहकारी प्रादेशिक र स्थानीय तहमा सहकारी नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड तयार हुँदै लागु हुँदै गएका छन् (*प्रतिवेदन,* २०८०, पृ. १२-१६) । अहिले पनि यही ऐन र नियामावली कार्यन्वयनमा छन्। सहकारीको विकास क्रमसँगै पहिलो पञ्चवर्षीय योजनादेखि सोह्रौं पञ्चवर्षीय योजनासम्म सहकारीलाई आर्थिक विकासको मेरुदण्ड मानिएको छ। विश्वका आर्थिकरूपमा सम्पन्न मुलुकहरूमा सहकारी अभियान सफल भएको समेत पाइन्छ। विश्वका केही विकसित देशमा सहकारी स्थापनासम्बन्धी विवरण तल तालिका एकमा दिइएको छ।

तालिका १ : विश्वमा केही ठुला र सहकारी अभियान सफल भएका देशहरूमा सहकारी सुरु भएको समय र अभियान

क्र.सं.	देश	सहकारी आन्दोलन सुरुआत (सन्)
१	युनाइटेड किङडम	१८४४, रोचडेल पायोनियर्स पहिलो आधुनिक सहकारी
२	जर्मनी	१८४७, फेडरिक विलियम रायफाइजेन र हरमन शुल्जद्वारा स्थापित
३	फ्रान्स	१८६०, सामुदायिक सहकारीको स्थापना
४	अमेरिका	१७५२, पहिलो कृषि बिमा सहकारी
५	भारत	१९०४, भारतीय सहकारी समाज अधिनियमअन्तर्गत
६	जापान	१९००, कृषि सहकारी ऐनअन्तर्गत
७	क्यानडा	१९००, फान्सेली समुदायमा सहकारीको स्थापना
८	अष्ट्रेलिया	१८५९, पहिलो सहकारी भण्डार सिड्नीमा
९	डेनमार्क	१८६६, पहिलो डेरी सहकारी
१०	स्विडेन	१८५०, उपभोक्ता सहकारी स्थापना
११	चीन	१९२०, कृषि सहकारीको स्थापना

१२	नर्वे	१८५०, कृषि सहकारी स्थापना
१३	इटाली	१८५४, पहिलो श्रमिक सहकारी स्थापना
१४	स्विट्जरल्याण्ड	१८५६, पहिलो उपभोक्त सहकारी

Battilani (2012), p.4, *प्रतिवेदन* (२०८१, पृ. २५-३०, बडाल (२०७५, पृ ५५, १६३)

सहकारीको प्रभावकारीता र गरिबीका बारेमा तुलनात्मक अध्ययनको गर्दा गरिबी घटाउन कार्यमा सहकारीले महत्त्वपूर्ण योगदान गरेको पाइएको छ । अनौपचारिक एवम् ग्रामीण क्षेत्रका व्यक्तिहरूको वित्तीय पहुँचमा सुधार गरेर, सुपथ मूल्यमा कृषि सामग्री आपूर्ति गर्ने व्यवस्था गरेर, कृषकहरूको उत्पादनको प्रशोधन र बजारीकरणको व्यवस्था गरेर, घरायसी उपभोग्य सामग्री सदस्यहरूलाई सहज र सुपथ रूपमा परिपूर्ति गरेर र गरिब तथा पिछडिएका नागरिकलाई मूलप्रवाहीकरण गर्न सहयोग गरेर देशको गरिबी न्यूनिकरणका लागि सहकारी क्षेत्रले आफ्ना सदस्यका लागि सहयोग गर्न सक्दछ (*मार्गदर्शन*, २०७६, पृ. ४) । गरिबी र सहकारीको अन्तरसम्बन्धमा हेर्दा नेपालमा जुन प्रदेशमा सहकारीमा आबद्ध जनसङ्ख्या धेरै छ त्यहाँ गरिबी प्रतिशत कम रहेको छ । जहाँ सहकारीमा आबद्ध जनसङ्ख्याको कमी छ त्यहाँ गरिबीको प्रतिशत धेरै भएको पाइएको छ । प्रदेशको हिसाब सहकारी र गरिबीका बारेमा तालिका दुईमा देखाइएको छ ।

तालिका २ : प्रदेश अनुसार सहकारीमा आबद्ध र बहुआयमिक गरिबीको अवस्था

प्रदेश	सहकारीमा आबद्ध जनसङ्ख्या (प्रतिशत)	सहकारी सङ्ख्या	गरिबी प्रतिशत
कोशी प्रदेश	२१	४७३७	१९.७
मधेस प्रदेश	१३	४१५३	४७.९७
वागमती	५०	१०४१८	१२.२४
गण्डकी	२१	२६७१	१४.१९
लुम्बिनी	२०	३७५५	२०.२९
कर्णाली	२८	१९६७	५१.५२
सुदूरपश्चिम	२२	२०६०	३३

(*सहकारी झलक*, २०७७ र रेग्मी, १९ पुस २०७४)

तालिका दुईको तथ्याङ्कका आधारमा सहकारीमा आबद्ध जनसङ्ख्या बढी भएको प्रदेशमा बहुआयमिक गरिबी कम प्रतिशत देखिएको छ भने सहकारीमा आबद्ध जनसङ्ख्या कमी भएको प्रदेशमा गरिबी बढी भएको देखिएको छ । यसर्थ सहकारीले गरिवी न्युनिकरणमा सहयोग पुगेको देखिन्छ । यस्तो महत्वपुर्ण क्षेत्रमा किन समस्या आएका छन् ? कार्यन्वयनमा कस्ता चुनौती छन् भन्ने विषयको खोजी गर्नु अनिवार्य देखिन्छ ।

सहकारी अध्यासका क्रममा सहकारी सञ्चालकहरूले विद्यमान नीति नियमको पालना गरेको देखिँदैन । नीतिगत, कानुनी, सस्थागत, प्रक्रियागत, सुशासनमा कमी, सही कर्जा लगानी र जोखिम व्यवस्थापन पक्षमा कमजोरी देखिएको छ । सहकारीका सदस्य र कर्मचारीबिचमा क्रेता र बिक्रेताको व्यवहार र कर्मचारी र सञ्चालकमा मालिक र मजदुरको भावनाजस्तो देखिन्छ । प्राविधिक वा विषयगत अदक्षता, सहकारी संस्थाहरूको तुलनामा नियमन गर्ने निकायहरू न्यून हुनु र

अनुगमन संयन्त्र कमजोर भएको देखिन्छ। पर्याप्त मात्रामा शिक्षा तालिम र जनचेतनको अभाव, राज्यका नीतिनिर्माताहरू सहकारीप्रति उदासीन रहेको र सहकारीका नाममा व्यक्तिगत व्यापार गर्ने प्रवृत्ति हावी भएको देखिन्छ। सहकारीमा सम्बद्ध निकायहरूबिचमा समन्वयको अभाव र अस्वस्थ प्रतिस्पर्धा छ। देशको राजनीतिक अस्थिरता र खिचातानी, सदस्यहरूमा दोहोरो सदस्यता लिने प्रवृत्ति देखिएको छ। सहकारीमा हुने गरेका ठगीलाई कारवाहीको दायरामा ल्याउन प्रभावकारी कानुन र कार्यान्वयन संयन्त्र देखिँदैन। सहकारी संस्थाहरू बाहिरी नियन्त्रण र अनुगमनभन्दा प्रजातान्त्रिक तरिकाले आन्तरिक नियन्त्रण पद्धतिबाट सञ्चालित हुनुपर्नेमा अधिकांश संस्थाका सदस्यहरूको निष्क्रियताको कारण सञ्चालकहरूले मनोमानी ढङ्गले संस्था सञ्चालन गर्ने गरेको एकातिर पाइएको छ भने अर्कोतिर सहकारीका अधिकांश सदस्यहरू आफ्नो अधिकार र भूमिकाबाट अनभिज्ञ रहेका छन् (पन्त, २०७२, *साझा बिसौनी*), जसको कारण सहकारीमा समस्या देखिएको छ।

प्रचलित सहकारी ऐनमा समयसापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी सङ्घसंस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमनसम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन सकिएको छैन। स्वःनियमनको अभ्यासका लागि हालका व्यवस्थाहरू प्रभावकारी नभएकोले सहकारीमा सुशासन सुनिश्चित गर्न सकिएको छैन। वित्तीय कारोवार गर्ने सहकारी सङ्घसंस्थाहरू र सहकारी बैङ्कका लागि स्पष्ट कानुनी व्यवस्था हुन नसक्दा सहकारीमार्फत हुने वित्तीय कारोवारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाइ भएको छ। मुलुकमा सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास हुन बाँकी नै छ। सहकारी क्षेत्रलाई दिइने अनुदान, ऋण र कर छुटका सुविधाहरूका विषयमा नीतिगत स्पष्टताको खाँचो छ। उत्पादनशील क्षेत्रहरूमा सहकारीको योगदान बढाउन नसक्दा स्वरोजगारमूलक वातावरण सिर्जना हुन नसकी श्रमशक्ति तथा प्रतिभाहरू पलायन हुने क्रम न्यून गर्न सकिएको छैन (*सहकारी नीति,* २०६९, पृ. ५) भनेर सहकारी नीतिले नै स्वीकार गरेको पाइन्छ।

सहकारीका सञ्चालनमा अध्यासका कुरा गर्दा काठमाडौँलगायत सहरी क्षेत्रमा सञ्चालित सहकारीहरू मूलतः बचत तथा ऋणको कारोवार गर्ने संस्थामा तरलता अभाव देखिएको छ। सदस्यको बचत फिर्ता गर्न सकिरहेका छैनन्। सहकारी संस्था डुबेको भन्नेजस्ता समाचारका कारणले सञ्चालनमा समस्या देखिएको छ। सहकारी संस्था धेरै हुनु र नियमन तथा सुशासनको बुझाइमा कमजोरी देखिएको छ। नेपालको सहकारी अभियानलाई संविधानले परिकल्पना गरेअनुरूप समाजवाद उन्मुख व्यवस्थाको सहयोगी बनाउनका लागि सरकार र सरकार सञ्चालन गर्ने दलमा स्पष्ट दृष्टिकोण र सहकारी क्षेत्रको नेतृत्वमा वैचारिक स्पष्टतामा देखिएको छैन। सहकारी संस्था सुशासनमा नहुनु, कारोवार पारदर्शी गराउने संयन्त्र नहुनु। आवश्यकताको पहिचान नै नगरी रातारात नयाँ संस्था दर्ता गरिदिने, बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थालाई देशभर कार्यक्षेत्र स्वीकृति दिने, अनुचित लाभ लिएर संस्थाका सेवाकेन्द्र स्वीकृत गर्ने, सहकारीका साधारण सभामा गएर सहकारीका सबै अनियमितताको साक्षी बन्ने काम नियामकबाटै भइरहेको छ। समस्या यस्तो विकराल बन्दासमेत सहकारी विभागले निर्देशन जारी गर्नेबाहेक यो निकाय बेखबरजस्तै बनिरहेको छ। सहकारी सञ्चालन सम्बन्धमा राजनीतिक दलहरूमा स्पष्ट दृष्टिकोण नहुँदा नेपालको सहकारी अभियानमा राजनैतिक हस्तक्षेप बढी भएको कारण व्यावसायिक पक्ष कमजोर हुँदै गएको छ (पन्त, २०७९, *अनलाइन खबर*) भन्ने कुरा स्पष्ट हुन्छ।

स्थानीय तहभित्र रहेका सहकारीको नियमन र अनुगमन गर्ने जिम्मा स्थानीय तहको हो। एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारीको जिम्मेवारी प्रदेशको रह्यो र एक प्रदेशभन्दा बढीमा कार्यक्षेत्रको जिम्मेवारी सङ्घको तोकियो। सबै तहका सरकारले पूर्णरूपमा सहकारीलाई प्राथमिकता दिन सकेनन् र गलत मनसाय भएका केही सहकारी सदस्य नकारात्मक सोचमा लागेका कारण समस्यामा परेका छन्। प्रदेश र स्थानीय तहका सरकारले सहकारीलाई नियमन र अनुगमन गर्ने नीति, संरचना र जनशक्तिको व्यवस्थापन समयमै गर्न सकेका छैनन्। केही सहकारी लगामबिनाका घोडा भएका छन्। सहकारीमा तुरुन्तै सदस्य हुन पाइने र अन्य सदस्यसरह सहकारीका क्रियाकलापमा सहभागी हुने गलत अवधारणाले

पनि सहकारीमा समस्या आयो (गौतम, २०८०, *नागरिक दैनिक*) । सहकारी विभागले हाम्रो मातहतमा एक सय पच्चिसओटा संस्थाहरूमात्र छन् भन्छ तर स्थानीय तहमा नियमन गर्ने जनशक्ति पनि छैन, तथ्याङ्क पनि एकिन छैन ।

स्थानीय, प्रदेश र सङ्घीय सरकारहरू सहकारीका सन्दर्भमा कुहिरोको काग भएका छन् । सहकारीले जनताको पैसा कता लगानी गरेको छ भन्ने कुरा कसैले पनि हेरेको छैनन् । २०७४ सालमा ऐन आएको र त्यसमा भएका नियमनका कुरा आजको दिनसम्म कसैले पनि हेरेका छैन । त्यसले गर्दा सहकारी संस्था नै छाडा भयो । त्यसैले पार्टीका झोलेलाई नियुक्त नगरी क्षमतावान् र ऊर्जावानलाई नियुक्त गरेर काम गराउनुपर्दछ । अझै प्रभावकारी बनाउन अहिलेको कानुन पनि परिमार्जन गर्नुपर्दछ (कातिर्क, २०८१, *टक्सार न्युज*) । सहकारीको मर्मअन्तर्गत नियमअनुसार चलाइयो भने सहकारी डुब्दैन । डुब्ने सम्भावना पनि हुँदैन । सहकारीमा गैह्रसहकारी तत्त्वहरू प्रवेश गर्न दिने वा बेग्लै उद्देश्यले ठग्ने उद्देश्यले सहकारी गठन गर्ने देखिएको छ । सहकारी नियमविपरीत रकम सङ्कलन गर्ने विभिन्न ठाउँमा देखिन्छन् ।

सहकारीको मर्मभन्दा विपरीत उद्देश्य नै ठगीको लिएको देखिन्छ । सहकारीहरूमा कसले पैसा लियो भन्ने पनि थाहा छैन, कहाँ गयो भन्ने पनि थाहा छैन । सर्वसाधारणले ऋण लिँदा त्यहाँ त कडिकडाउ हुन्छ, तर सहकारीबाट पैसा कहाँकहाँ पुगेको हुन्छ ? कुनै हिसाब छैन । एउटाबाट अर्कोमा नियमविपरीत ऋण रकम सरेको हुन्छ । यस प्रकारका कुरामा नियमन र नियन्त्रण गर्नुपर्दथ्यो, नगर्नाले राज्यको तर्फबाट पनि कमी रह्यो (*प्रतिवेदन,* २०८१, पृ. ४७६-४७७) सहकारी सञ्चालनमा देखिएका अधिकांश समस्या यस्तै प्रकारका रहेका छन् ।

सहकारी ऐन २०७४ को दफा ७३ मा सहकारी विभागको रजिष्ट्रारले वर्षैपिच्छे सहकारीको अनुगमन, मूल्याङ्कन र सहकारीले पनि नियमित रूपमा लेखापरीक्षण प्रतिवेदन रजिष्ट्रारकहाँ पेस गर्नुपर्ने व्यवस्था गरेकै छ तर कार्यान्वयन भएको पाइँदैन । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारीलाई जारी गरिएको निर्देशन २०७४ कार्यान्वयन भएको छैन । सहकारीमा स्रोत नजनाइकन जनताको पैसा जम्मा गर्न दिँदा कालोधनको प्रयोग हुने अवस्था देखिन्छ । अहिलेको स्थानीय सरकार, प्रदेश सरकारअन्तर्गत रहेका सहकारीहरू यो संरचनाले मात्रै अनुगमनमा कमीकमजोरी देखिएको छ । झन्डै पच्चिस प्रतिशत जनसङ्ख्या संलग्न भएको सहकारी क्षेत्रको सुरक्षाका लागि गम्भीरता देखिँदैन । पञ्चवर्षीय योजना र सोह्रौँ योजनासमेतले महत्त्व दिएको सहकारी क्षेत्रलाई व्यवस्थित गर्न तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू नहुँदा सहकारीहरूमा समस्या देखिएको छ । नेपालको संविधानले नै निर्दिष्ट गरेको तीन खम्बे अर्थव्यवस्थामा सरकारी, निजी र सहकारी भनिएको छ (कार्की, २०८१ भाद्र ५, *टक्सार न्युज*) । यसरी तीन खम्बाअन्तर्गत सहकारीलाई एक खब्बा भनिए तापनि सोअनुसार कार्यक्रम सञ्चालनमा सहकारीलाई महत्त्व दिएको देखिँदैन ।

सहकारी संस्थाहरूले आफ्ना सदस्यलाई नियमित र अनिवार्य बचत गर्न लगाउनुपर्नेमा गैरसदस्य समेतबाट ठुलो रकम खोजी गरी जम्मा गर्नु । पुँजी निर्माणका नाममा अन्धाधुन्ध रकम जम्मा गर्ने होडबाजीले गर्दा दीर्घकालीन दायित्वभन्दा अल्पकालीन दायित्व वृद्धि भई संस्थाहरूमा जोखिम बढेको देखिएको छ । पर्ल्स अनुगमन प्रणालीअनुरूप जगेडा कोषमा रकम कायम नगरी रुग्ण जगेडा कोष अर्थात् कुल सम्पत्तिको आधारमा पाँच प्रतिशतभन्दा कम जगेडा कोष रहेका संस्थाहरूको सङ्ख्या करिव पचास प्रतिशतभन्दा बढी रहेको पाइएको छ । केही सहकारी संस्थाले वित्तीय विश्लेषणविना अत्यधिक लाभको लोभमा घरजग्गा र अन्य व्यवसायमा लगानी गरेका कारण संस्थाहरूमा नकमाउने सम्पति अधिक भएको छ । यथेष्ट विश्लेषण नगरी विनाधितो ऋण लगानी गरेका कारण ऋण असुलीमा समस्या देखिएको छ । एकभन्दा बढी सहकारी संस्थाहरूमा सदस्य बन्ने र संस्थाबाट ऋण लिई अपचलन गरी हिँड्ने ऋणीका कारण संस्थाहरूमा तरलता चाप परेको पाइएको छ । यसबाट संस्थाको समग्र वित्तीय स्थितिमा विचलन आएको छ । केही सहकारी संस्थाले सदस्यको बचत रकम घर, जग्गालगायतका गैह्रवित्तीय क्षेत्रमा लगानी गर्दा समस्या परेको, सहकारी संस्था सञ्चालन गर्ने कतिपय सरकारी संस्थाका जिम्मेवार पदाधिकारीहरूमा आफ्नो जिम्मेवारी प्रति वेवास्ता गरेको पाइएको छ । राष्ट्रिय, केन्द्रीय, प्रदेश, जिल्ला र

स्थानीयस्तरमा समेत राजनीतिक भागबण्डाका आधारमा सञ्चालक समिति निर्माण भई कार्य सञ्चालन गरिनु तथा समितिमा रहने पदाधिकारीहरूको आधारभूत योग्यता निर्धारण नहुनु सहकारीको मुख्य समस्याको कारण बनेको छ । अधिकांश सङ्घसंस्थाहरूको लेखा सुपरीवेक्षण समिति निष्क्रिय रही नाममात्रको अवस्थामा रहनु (शर्मा, २०८१, *समाधान पत्रिका*) । माथि उल्लेख गरिएका सबै विषयहरू सहकारी सञ्चालन अध्यासमा भएका कमीकमजोरीहरू हुन् ।

सहकारीमा देखिएका चुनौती

सहकारीमा देखिएका चुनौतीलाई सिद्धान्त, मूल्यमान्यता र सहकारी संस्था सञ्चालन गर्दा अभ्यासमा देखिएका चुनौतीहरू गरी तीन प्रकारमा वर्गीकरण गरी अलग अलग रूपमा चुनौतीहरू निर्क्यौल गरिएको छ ।

सहकारीका सिद्धान्त र कार्यान्वयनमा चुनौती

सहकारीका सन्दर्भमा यसका व्यावहारिक र बौद्धिक सिद्धान्तका बारेमा पनि समीक्षा गर्नु उपयुक्त देखिन्छ । सिद्धान्त भन्नाले समग्र प्रणालीको केन्द्रीय अठोट हो, संस्था सञ्चालनको आधार हो । त्यसैले कुनै पनि संस्था सञ्चालनका लागि सैद्धान्तिक रूपले स्पष्ट हुनुपर्दछ । सहकारी संस्था सञ्चालनका लागि अन्तर्राष्ट्रिय सहकारी महासङ्घले निम्नअनुसारका सिद्धान्तहरू तय गरेको छ । सन् १९९५ सेप्टेम्बरमा बसेको महासङ्घको शताब्दी महासभाबाट निर्धारित सातवटा सिद्धान्तहरू निम्नअनुसार रहेका छन् । सहकारीको सदस्यता प्रप्त गर्ने बारेको पहिलो सिद्धान्त स्वेच्छिक तथा खुल्ला सदस्यता हो । सहकारी संस्थामा सदस्य बन्नका लागि तोकिएको शेयर सदस्य रकम र तोकिएको सेवा शुल्क तिरेर सदस्यता लिन सबै स्वेच्छिक हुन्छन् । कुनै पनि करकाप वा कुनै अन्य शर्त राख्न पाइँदैन । सहकारी संस्थामा आबद्ध हुन चाहने महिला, पुरुष, जात, भाषा, धर्म तथा संस्कृतिलगायत कुनै विषयको वञ्चित गर्नुहुँदैन । सबैलाई खुल्ला सदस्यता हुन्छ । सहकारीको विनियमअनुसार तोकिएको न्यूनतम योग्यता पुगेकालाई सदस्यता लिन खुल्ला गरिएको हुन्छ (बडाल, २०७५, पृ. ४२) । त्यसैगरी निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्नुहुँदैन भन्ने सिद्धान्त रहेको छ । सदस्य बन्न चाहेको व्यक्ति सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्ने, सदस्यको हैसियतले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने, संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने, सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने । कृत्रिम छेकवार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ४) जस्ता सिद्धान्त प्रतिपादन भएको छ ।

यद्यपि, यो सिद्धान्त लागू गर्दा केही चुनौती देखिन्छ । खुल्ला सदस्यका कारण अयोग्य वा सहकारीको मर्म नबुझेका व्यक्तिहरू पनि सदस्य बन्न सक्छन् । सदस्यहरूको प्रतिबद्धता, सक्रियता र सहकार्यको कमी हुन सक्छ । दीर्घकालीन हितभन्दा छोटो अवधि फाइदा खोज्ने सदस्यहरूको सङ्ख्या बढ्न सक्छ । कम प्रतिवद्धताका कारण सदस्यहरूले आफ्नो पूँजी योगदानमा कमजोरी देखाउन सक्छन् । खुल्ला सदस्यताले गर्दा भिन्नभिन्न पृष्ठभूमिका मानिसहरूको प्रवेश हुन्छ, जसले सहकारीको आन्तरिक सहकार्य र एकतामा असर गरेको पाइएको छ । अर्कोतर्फ सदस्यहरूको अनावश्यक बृद्धिले गर्दा व्यवस्थापनमा कठिनाई भई सहकारी सञ्चालनमा चुनौती देखिएको छ । सदस्यहरू धेरै भएकोले प्रतिनिधिमूलक साधारण सभा गर्ने र टाठाबाठाहरूको हालीमुहाली गर्ने गरेको पाइएकोले यो सहकारी सिद्धान्तका कारण देखिएको चुनौती हो ।

सहकारीको सिद्धान्तमध्ये दोस्रो सिद्धान्त सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण हो । सहकारी संस्थाका शेयर सदस्यहरू सार्वभौम अधिकारसम्पन्न हुन्छन् । सदस्यहरूलाई कसैको दबाब तथा निर्देशन स्वीकार्य हुँदैन । सदस्यहरू आफूलाई नियन्त्रण गर्ने नीति, नियम र कार्यविधि बनाउन उनीहरू आफै स्वतन्त्र हुन्छन् । संस्थाको नीति र नेतृत्व सदस्यहरूले प्रजातान्त्रिक विधिमार्फत निर्वाचित गर्दछन् । उनीहरूले छनौट गरेको नेतृत्वले नै संस्था सञ्चालन गर्दछन् । त्यसैले निर्वाचित नेतृत्व

सदस्यहरूप्रति उत्तरदायी हुन्छन् (बडाल, २०७५, पृ. ४२)। त्यसै गरी शेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक, सामाजिक विकास गर्ने उद्देश्यले गठन हुने हुँदा सदस्यहरूले नै नियन्त्रण गर्नुपर्ने, एक सदस्य एक मतको पद्धति लागु हुने, संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने, सहकारीमा साधारण सभा नै सर्वोच्च अङ्ग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कार्यसम्पादन गर्ने, सदस्यहरू मध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएको सञ्चालक समितिले सञ्चालन गर्ने, सदस्यसदस्यबिच सेवामा विभेद नगरिने, संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रूपमा साधारण सदस्यप्रति र सामूहिक रूपमा सञ्चालक समितिप्रति उत्तरदायी हुनै पर्दछ (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ५)। यसरी सहकारीमाथि प्रजातान्त्रिक नियन्त्रण हुने व्यवस्था गरेको छ तर यसको कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखिएका छन्। सदस्यहरूको सहभागितामा कमी देखिएको छ। धेरै सदस्यहरू निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउन रुचि गर्दैनन्। बैठकहरूमा उपस्थिति न्यून हुने हुँदा थोरै सक्रिय सदस्यहरूले निर्णय गर्ने सम्भावना हुन्छ। सक्रिय तर अयोग्य सदस्यहरूले नेतृत्व हातमा लिएर संस्थामा समस्या देखिएका धेरै उदाहरण देखिएको छ। नेपालमा यही अधिकार प्रयोग गरी सहकारीको बचत रकम लिएर भागेका कुरा विभिन्न प्रतिवेदनले देखाएको छ। प्रजातान्त्रिक प्रक्रियाले क्षमता र दक्षताभन्दा लोकप्रियतालाई प्राथमिकता दिन सक्छ। सहकारीमा विभिन्न पृष्ठभूमिका सदस्यहरू भएकोले गुटबन्दी भएको र बाहिरबाट राजनीतिक हस्तक्षेप भएको पाइएको छ। प्रजातान्त्रिक नियन्त्रणले अल्पकालीन फाइदामा बढी ध्यान दिने हुँदा सहकारीमा चुनौती देखा परेको हो।

सहकारीको तेस्रो सिद्धान्त सदस्यहरूद्वारा आर्थिक सहभागिता हो। सहकारीको पुँजीउपर सदस्यको प्रजातान्त्रिक नियन्त्रण हुन्छ। नाफाको रूपमा रहेको सञ्चितिलाई सबै वितरण नगरी संस्थाको दिगोपना र संस्थाको निरन्तरता विकासमा लगाइन्छ। सहकारी संस्थाको निश्चित सञ्चिती अथवा लाभांश सहकारी विकासका लागि तालिम तथा प्रशिक्षणमा कोषको व्यवस्था गरिएको हुन्छ। विषयगत सहकारीहरूमा सदस्यहरूको योगदानको आधारमा उनीहरूको आर्थिक सहभागिता गराइन्छ (बडाल, २०७५, पृ. ४२)। त्यसै गरी सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमका रूपमा स्वीकार गर्ने, प्रतिशेयर समान मूल्य तथा एउटा शेयर र एकभन्दा बदी शेयर लिने सदस्यको कानुनी हैसियत र स्तर बराबर हुने, सीमित लाभ (धेरै लाभांशले ऐक्यबद्धताको भावना घट्न सक्दछ) वितरण गर्ने, सदस्यले गरेको कारोवारका आधारमा संरक्षित पूँजी कोषबाट प्रतिफल पाइने। वचत (नाफा)बाट जगेडा कोष र अन्य कोषहरू खडा गरी प्रभावकारी व्यवस्थापन गर्ने (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ६)। आर्थिक सहभागितासम्बन्धी सहकारी सिद्धान्तले गरेको छ।

यद्यपि, यो सिद्धान्त कार्यान्वयन गर्दा विभिन्न चुनौतीहरू देखा पर्ने परेको पाइन्छ। सहकारीमा विभिन्न आर्थिक पृष्ठभूमिका सदस्यहरू हुन्छन्, जसले गर्दा सबैले समान रूपमा पुँजी योगदान गर्न नसक्ने अवस्था हुन्छ। आर्थिक रूपमा कमजोर सदस्यहरूले योगदान गर्न नसक्दा असमानता बढ्न सक्छ। केही सदस्यहरूले नियमित रूपमा बचत वा पुँजी योगदान गर्न नसक्ने हुन्छन्। सेवा उपयोगको आधारमा नाफा बाँडफाँड गर्दा केही सदस्यहरूलाई असन्तोष हुन भई सदस्यहरूले आफ्नो व्यक्तिगत फाइदा प्राथमिकता दिन खोज्दा सामूहिक उद्देश्यमा असर पर्न सक्छ। घाटा हुँदा सदस्यहरू सहकारीबाट अलग हुन खोज्न सक्छन्। सदस्यहरूको सीमित आर्थिक क्षमताका कारण सहकारीले पर्याप्त पुँजी सङ्कलन गर्न नसक्ने सम्भावना हुन्छ। स्रोत परिचालनमा सन्तुलन राख्न कठिनाइ पर्दछ। यो सहकारीको सिद्धान्तका कारण देखिएको चुनौती हो।

सहकारीको अर्को महत्त्वपूर्ण सिद्धान्त स्वायत्तता र स्वतन्त्रता हो। सहकारी संस्था सदस्यद्वारा आफै नियन्त्रित संस्था हो। सहकारी संस्था स्वायत्त र स्ववालम्वी हुन्छ। सहकारी संस्था सदस्यद्वारा निर्वाचित प्रतिनिधिले स्वयम् स्वायत्त रूपमा सञ्चालन गर्छन्। सहकारीमा कसैले हस्तक्षेप गर्न हुँदैन। सरकारबाट पनि सहकारी संस्थाको नेतृत्व चयन र नीति निर्माणमा हस्तक्षेप गर्न हुँदैन भन्ने सिद्धान्त रहेको छ (बडाल, २०७५, पृ. ४२)। त्यसै गरी संस्था बाह्य नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुने, सदस्यहरूद्वारा स्वयम् (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात् संस्थामा हिनामिना तथा अन्य गलत कार्य भए सदस्यहरू स्वयम् जिम्मेवार हुने

व्यवस्था, संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबैसँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अधिकार आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार, सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्दछ (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ६) भनी स्वतन्त्रतासम्बन्धी सिद्धान्तले व्यवस्था गरेको छ।

यद्यपि, यसको कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखा परेका छन् । सहकारीलाई नियमन गर्ने निकायहरूले स्वायत्तताको नाममा अनियमितताको पनि अनदेखा भएको पाइएको छ। अर्कोतर्फ नेतृत्व वा व्यवस्थापन कमजोर भएमा स्वायत्तता गलत तरिकाले प्रयोग भएको पाइएको छ। सरकारी नीतिहरू, नियम, र कानुनले पनि सहकारीको स्वायत्ततामा नाममा लागु नगरेर सहकारीमा समस्या आएको छ। गैरप्रजातान्त्रिक निर्णयहरू स्वायत्तताको नाममा लिइने जोखिम रहन्छ। स्वायत्तता कायम राख्न आर्थिक दिगोपन सुनिश्चित गर्न गाह्रो हुन सक्छ। त्यसैले सहकारीको स्वयत्तता सिद्धान्तभित्र धेरै अनियमिमिता भएर जनताको बचत दुरुपयोगसमेत भएकोले यो पनि एउटा चुनौती बनेको छ।

सहकारीको अर्को सिद्धान्त शिक्षा, तालिम र सूचना हो। सहकारी संस्था पनि प्रतिस्पर्धामा आउनुपर्ने हुँदा आफ्ना सञ्चालक तथा कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्नपर्ने हुन्छ। यसका लागि उनीहरूलाई तालिम तथा प्रशिक्षणको व्यवस्था गरिएको हुन्छ। मुनाफाबाट यसप्रकारको शीर्षकमा कोष खडा गरी रकमसमेत व्यवस्था गरिएको हुन्छ। विभिन्न पत्रपत्रिका र समयअनुसार प्रविधिमा दक्ष बनाउन पनि सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीहरूलाई शिक्षा र तालिम दिइन्छ (बडाल, २०७५, पृ. ४२) । त्यसै गरी संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा र आवश्यकताअनुरूप व्यावसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने, सहकारी शिक्षा कोषको व्यवस्था हुनुपर्ने, प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने, संस्थाभित्र र बाहिर सूचना प्रणालीको विकास र युगअनुसारको सूचना प्रदान गर्नुपर्दछ (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ६) भन्ने स्पष्ट उल्लेख गर्दै सहकारीसम्बन्धी जानकारी गराउनेबारे सहकारी सिद्धान्तले गरेको छ।

यस सिद्धान्तमा खासै चुनौती नदेखिए पनि सहकारी आफैले तालिमको व्यवस्थापन गर्ने भन्ने भएकोले सरकारी निकायले तालिममा ध्यान नदिंदा धेरै सदस्यहरू सहकारी शिक्षाबाट वन्चित भएर सहकारीसम्बन्धी ज्ञान नभएका कारण सहकारीमा चुनौती देखा परेको छ।

सहकारीको छैठौं सिद्धान्त सहकारीबिच पारस्परिक सहयोग हो। सहकारी शब्दले नै एकआपसमा सहकार्य गर्ने संस्था बुझिन्छ। सहकारी एकआपसमा सहकार्य गरेर आफ्ना व्यवसाय गर्न सक्छन्। सहकारीहरू प्रदेश स्तरमा, जिल्ला स्तरमा, केन्द्रीय स्तरमा सङ्घ, महासङ्घ गठन गरेर आफ्नो सङ्गठन बलियो बनाउन सक्दछन्। देशभित्रमात्र होइन अन्तर्राष्ट्रिय स्तरमा पनि एकआपसमा सङ्गठित भई सहकार्य गरी काम गर्ने गर्दछ. । अहिले झन्डै १०० राष्ट्र मिलेर अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (क्लतभचलबतष्यलर्बा ऋययउभचबतष्खभक ब्llष्बिलअभ(क्ऋब्) गठन भएको छ। यो संस्थाको उद्देश्य सहकारी सञ्जाल विस्तार गर्दै सहकारी आन्दोलनलाई बलियो बनाउनु हो। संसारभरिका झन्डै एक अरबभन्दा बढी सहकारीमा आबद्ध व्यक्तिहरूलाई यो महासङ्घले प्रतिनिधित्व गर्दछ (बडाल, २०७५, पृ. ४२) । त्यसै गरी प्रारम्भिकदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका सहकारीहरूबिच सूचना एवम् व्यावसायिक संजालको विकास गर्ने, अन्तर्सहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने, जिल्लास्तरीय विषयगत सङ्घ, जिल्ला सहकारी सङ्घ, केन्द्रीय सङ्घहरू, राष्ट्रिय सहकारी सङ्घ हुँदै अन्तरराष्ट्रिय सहकारी महासङ्घसम्मको, अन्तर्सम्बन्धबाट व्यावसायिक क्रियाकलापको दायरा विस्तार गर्ने (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ७)। पारस्परिक सहयोगसम्बन्धी व्यवस्था सहकारी सिद्धान्तले गरेको छ।

माथिको सहकारी अभ्यासको विश्लेषण गर्दा यो नेपालमा यो सिद्धान्तको प्रयोग त्यती भएको पाइँदैन। तर पनि एउटै क्षेत्र वा उद्योगमा सञ्चालन हुने सहकारीहरूबिच प्रतिस्पर्धा बढ्न सक्छ। सहकार्यभन्दा व्यक्तिगत अस्तित्व र फाइदालाई

प्राथमिकता दिइने सम्भावना हुन्छ। अर्कोतर्फ कमजोर आर्थिक अवस्थामा रहेका सहकारीले सहकार्यमा योगदान गर्न नसक्दा अन्य सहकारीहरूमा असन्तुष्टि बढ्न सक्ने चुनौती देखिन्छ।

सहकारीको अन्तिम सातौँ सिद्धान्त समुदायप्रति चासो हो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घले यो सिद्धान्तपछि थप गरेको हो। यो सिद्धान्तले सहकारीहरूको दिगो विकासमा समुदायको साथ रहने अपेक्षा गरिएको छ। समुदाय र सदस्यहरूको हित अन्तर्सम्बन्धित हुन्छ। त्यसैले समुदायको हितका लागि सहकारी संस्थाले चासो राख्नुपर्दछ भन्ने मान्यताअनुसार यो सिद्धान्त आएको हो । यसमा सहकारी संस्थाहरूले संस्थामा बनेको नीतिका आधारमा समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि काम गर्नुपर्दछ (बडाल, २०७५, पृ. ४५) । त्यसै गरी समूहको एक पक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (अन्तर्निर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ। समूहको हितकै लागि गठन हुने, समुदायप्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने, वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, सरसफाई, खानेपानी, कुलो, पाठशाला, धार्मिक, सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने, आकस्मिक दुर्घटना/दैवी प्रकोप (आगलागी, भुइँचालो आदि) को समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउन (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ७) । समुदायप्रति जिम्मेवार बनाउनेसम्बन्धी व्यवस्था सहकारी सिद्धान्तले गरेको छ। यद्यपि यस सिद्धान्तअनुसार कार्यान्वयनको अवस्था न्यून देखिन्छ । समुदायमा सहयोगको नाममा आर्थिक पारदर्शिता कमी हुने चुनौती देखिन्छ । सहकारीमा सदस्यहरू निस्क्रिय हुने हुँदा यस प्रकारको काममा सहभागिता कमी हुने चुनौती देखिन्छ।

सहकारीका मूल्यमान्यता अवलम्बनमा चुनौती

सहकारिताका मूल्यहरूबारे अध्ययन गर्दा आधारभूत मूल्यहरू र नैतिक मूल्यहरू गरी दुई भागमा विभाजन गर्न सकिन्छ। विशेषतः आधारभूत मूल्यहरूले संस्था र सदस्यबिच एवम् नैतिक मूल्यहरूले संस्था र समाजबिचको सम्बन्ध निर्धारण गर्न मद्दत गर्दछन्। सहकारीका आधार मूल्यको कुरा गर्दा आत्मसहयोग (आफ्नो सहयोग आफै गर्ने), स्वउत्तरदायित्व (आफै जिम्मेवार, जवाफदेही), प्रजातन्त्र (सदस्यहरूले सदस्यहरूद्वारा सदस्यहरूका लागि व्यवस्थापन गरिने), समानता (सदस्यहरूबिच धर्म, जात, पेसा आदिका आधारमा भेदभाव नगरिने), समन्याय (प्रतिफल प्राप्ति), ऐक्यबद्वता (एकताबाट बलियो हुने विश्वास) पर्दछन् (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ४) । त्यस्तै प्रकारले नैतिक मूल्यहरूमा इमान्दारिता (नीतिअनुरूपको आचरण गर्ने), खुलापन (स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, पारदर्शी), सामाजिक उत्तरदायित्व (समाजका लागि पनि काम गर्नुपर्ने जिम्मेवारी), अरूको हेरचाह (सदस्यको हितको लागि काम गर्दा गैर सदस्यलाई आघात नपुऱ्याउने बरु सहयोग पुऱ्याउने) गर्ने पर्दछन् (*सहकारी सचेतना पुस्तिका,* २०६९, पृ. ४) । यसै गरी सहकारीका मान्यताहरूमा गैह्र सदस्यसँग कारोवार नगर्ने वा सहकारी संस्थामा विधिवत रूपमा शेयर खरिद गरी सदस्य नभएका व्यक्तिहरूसँग सहकारीले कुनै पनि बचत तथा ऋणलगायतका कारोवार गर्न हुँदैन। सहकारीमा प्रत्येक शेयरधनी त्यो संस्थाको राम्रो र नराम्रो नतिजाको जिम्मेवार आफैँ बन्नुपर्दछ। सहकारीको अर्को मूल्य मान्यता र समानता हो। चाहे सामाजिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमि जे जस्तो भए पनि सबैमा समानताको व्यवहार हुनुपर्दछ। सहकारीका सदस्यहरू आपसी सहकार्य गर्दै कार्य गर्ने भएकोले सबैको एकताको आवश्यकता पर्दछ। सहकारीको मान्यता सदस्यहरू इमान्दार भएर प्रस्तुत हुन्छन् र इमान्दार भएर सहकार्य गर्छन् (बडाल, २०७५, पृ. ४५) । सहकारीका मान्यताहरू इमान्दारिता र नैतिकतासँग सम्बन्धित छन्। तर व्यवहारमा माथि उल्लेखित सहकारीका मूल्य मान्यता विपरीत कार्य भएको तथ्य देखिन्छ। नेपालको सहकारी क्षेत्रले नक्कली दृष्टान्तको महामारी भोगिरहेको छ । विवाह नक्कली, अंशबण्डा नक्कली, पुनर्विवाह नक्कली, साधारण सभा नक्कली, प्रतिवेदन नक्कली, शेयर सदस्य नक्कली, ऋणी नक्कली, खाता नक्कली, लेखापरीक्षण प्रतिवेदन नक्कली, आश्वासन नक्कली, वचनबद्धता नक्कली, सिङ्गो प्रणाली नक्कली। सहकारीमा कानुनविपरीत, इमानविपरीतका कार्य यत्रतत्र अभ्यास भइरहेका

छन् । यस स्थितिको अन्त्य गरी सहकारी क्षेत्रको विश्वसनीयता र साख बचाएर पुनरुत्थान गरी अघि बढाउन हामीले विशेष समितिबाट कोसिस गरेका छौँ । समितिको कार्यादेशमा रहेका बाइसवटा समस्याग्रस्त सहकारी र सार्वजनिक रूपमा प्रश्न उठेका सहकारी बचत रकम रु. ७१ अरब ३० करोड गरी जम्मा रु. ८७ अरब ७९ करोडको दायित्व रहेको देखिन्छ । तर उक्त सहकारीहरूमा रु. ५३ अरब ७८ करोड ऋणसहित जम्मा सम्पति रु. ८२ अरब ३२ करोडमात्र रहेको छ । उक्त ऋण उठ्नुपर्ने ब्याज, अन्यत्र गरिएको लगानी र गैरबैङ्किङ सम्पत्ति उठ्ने आधार भने कमजोर देखिएको छ (*छानविन प्रतिवेदन,* २०८१, पृ. मन्तव्य) । यो प्रतिदेनका आधारमा सहकारीमा मूल्यमान्यतामा कार्यान्वयन नगर्दा चुनौती देखिएको प्रष्ट हुन्छ। गैह्र सदस्यसँग कारोवार भएको, कार्यक्षेत्र बाहिर कारोवार भएका, स्वउत्तरदायित्व लिनुपर्नेमा नलिएको, सहकारीमा सदस्यहरूले जिम्मेवारी नलिएको जस्ता आधारभूत र नैतिक मूल्य मान्यता पालना नगर्दा सहकारीमा चुनौती देखिएको पाइएको छ । माथिको विश्लेषणले सहकारीका चुनौतीको निर्क्यौल गरेको छ ।

सहकारीको अभ्यासमा देखिएका चुनौती

सहकारीको स्थापना, उद्देश्य, सहकारी सञ्चालनमा देखिएका अभ्यासहरू, सहकारी सिद्धान्त र मूल्य मान्यताहरूसमेतलाई विश्लेषण गर्दा सहकारी अभ्यासमा निम्नानुसार चुनौतीहरू देखिएको निष्कर्ष निस्कन्छ । नेपालमा सहकारीमा भएको अभ्यासमा केही कानुनी, नीतिगत र गलत अभ्यासका कारण चुनौतीको चाङ लागेको देखिएको छ । अभ्यास र कानुनी व्यवस्था हेर्दा ऐनको दफा १८ को उपदफाहरूमा यो वा त्यो बहानामा कार्यक्षेत्र थप गर्नेसम्बन्धी प्रावधान रहेका कारणले अनुगमन तथा नियन्त्रण चुनौती रहेको देखिएको छ। सहकारी ऐनको दफा ३० सदस्यतासम्बन्धी व्यवस्थामा सहकारीको कार्यक्षेत्रभित्र बसोवास गरेका नेपाली नागरिकमात्रै सदस्य बन्न पाउने व्यवस्था कार्यान्वयन गर्न चुनौती देखिएको छ । सहकारी ऐनको दफा ३२ मा प्रस्ट रूपमा एकै प्रकारको सहकारीमा एउटाभन्दा बढी संस्थामा सदस्य हुन नपाउने व्यवस्था कार्यान्वयन नभएको र धेरै सहकारीमा सदस्य बनाई गम्भीर लापरवाही भएको कारण सहकारी सञ्चालनमा चुनौती थपिएको छ। सहकारी ऐनको दफा ५० मा सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने भनिएको कानुन हुँदाहुँदै सदस्यबाहिर पनि कारोबार भएको र यसबारेमा गैरसदस्यको बिचमा कारोबार हुँदा अडिटर र अनुगमनले नरोक्दा सहकारी अपचलन भएको पाइएको छ। सहकारी ऐनमा सहकारीमा सञ्चालक वा अध्यक्षका रूपमा काम गर्न अधिकतम कार्यकाल नतोकिएकाले सहकारीमा भएका जोखिमहरू लुकाइने र धेरै नोक्सान भएपछि मात्र बाहिर आउने हुँदा सहकारी सञ्चालनमा चुनौती देखिएको छ ।

सहकारी ऐनमा प्रबन्ध गरिएको कर्जा सूचना केन्द्र प्रभावकारी नहुँदा एउटै सदस्यले उसको आर्थिक हैसियतभन्दा बढी सहकारीबाट कर्जा लिने र तिर्न नसकेको अवस्था देखिएको छ । अर्कोतर्फ गैह्रसदस्यलाई नीतिविपरीत कर्जा दिँदा र ऋण लगानी गर्दा एकल ऋण सीमा र क्षेत्रगत ऋण सीमा कायम नहुँदा सहकारीको कर्जा असुलीमा चुनौती देखिएको छ । सहकारी संस्थाहरू एकीकरणको नाममा खरिदबिक्रीजस्तो हुँदा व्यवस्थापन गर्न नसकेर सहकारी समस्याग्रस्त बनेका छन् । सदस्यहरूलाई उकास्न स्थिरीकरण कोषबाट प्राप्त हुने सहयोगले पनि थेग्न सकेको देखिएको छैन । एकीकरणसम्बन्धी व्यवस्था प्रभावकारी नहुँदा सहकारी सञ्चालनमा पनि चुनौती देखिएको छ ।

सहकारी संस्थाको *लेखापरीक्षण निर्देशिका २०७५* को दफा १० ले तोकेबमोजिम संस्थाको जोखिम विश्लेषण नगरी आन्तरिक लेखापरीक्षण गर्ने गरेको र वित्तीय अपचलन गर्ने सञ्चालकको जायजेथा नियन्त्रणमा लिएर तथा संस्थाको सम्पत्ति प्रयोग गरेर निक्षेपकर्ता/सदस्यको रकम फिर्ता गर्ने कानुनी व्यवस्था नहुँदा बचत अपचलनमा चुनौती देखिएको छ। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारीलाई जारी गरिएको निर्देशन २०७४ सहकारीमा कार्यान्वयन गरेको पाइएको छैन । सहकारीमा स्रोत नजनाइकन रकम जम्मा गर्न दिँदा चुनौती थपिएको छ। लेखा सुपरीवेक्षण समितिमा विज्ञता भएका र

स्वार्थ नबाझिने तीन जना सदस्य साधारणसभाबाट निर्वाचित गर्न मापदण्ड बनाउनुपर्नेमा सो नबनाउँदा नियन्त्रण र सन्तुलन तथा आन्तरिक सुशासन कमजोर भएर चुनौती देखिएको छ।

सहकारी अभियानलाई अगाडि बढाउने उपयुक्त नीतिनिर्माण गर्नका लागि स्वाभाविक रूपमा राजनैतिक दलको सहयोग आवश्यक हुन्छ तर, नेपालको सहकारी अभियानमा दलहरू नै सहकारीसम्बन्धी स्पष्ट छैनन् । सहकारीमा नेतृत्व लिने क्रममा राजनैतिक हस्तक्षेप बढी भएको र दलैपिच्चे समितिमा भागबन्डाका कारण राजनीतिक हस्तक्षेपले सहकारी सञ्चालनमा चुनौती देखिएको छ । नेपालमा सहकारी अभियान सुरु भएको झन्डै सत्तरी वर्षको इतिहांसमा सहकारीमा देखिएका समस्या र समाधानका बारेमा अहिलेसम्म दसवटा समितिहरू बनेर प्रतिवेदन दिएकोमा उक्त प्रतिवेदनले दिइएका सुधारसम्बन्धी बुँदाहरू कार्यान्वयन नगरी सहकारी सञ्चालन गर्दा थप चुनौती देखिएको छ।

सहकारी नियामावली २०७५ को दफा ७२ को (ग) पचास करोड रूपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको निरीक्षण, अनुगमन नेपाल राष्ट्र बैङ्कको हुनेछ भनिएको छ तर कार्यान्वयन नभएको कुरा माथि उल्लिखित प्रतिवेदनले जनाएका छन् । अहिले समस्याग्रस्त देखिएका चालिसवटा सहकारी प्रायः पचास करोडमाथिका छन् । भएको व्यवस्था कार्यान्वयनमा नहुँदा सहकारी सञ्चालनमा समस्या आएको र अनुगमनसम्बन्धी चुनौती देखिएको छ । अर्कोतर्फ सङ्घीय, प्रदेश र स्थानीय तहका सहकारी भनी वर्गीकरण गरिएको छ तर सहकारी सङ्ख्याको तुलनामा नियमन गर्ने निकाय र कर्मचारी ज्यादै न्यून हुँदा अनुगमनमा चुनौती देखिएको छ।

निष्कर्ष

नेपालमा सहकारी सञ्चालनमा धेरै किसिमका चुनौती देखिएका छन् । सहकारीमा देखिएका अनियमितताका बारेमा जनस्तरदेखि सदनसम्म चर्चा हुने गरेको छ । यस समस्याको उजुरी वर्तमान समयमा अदालतसम्म पुग्ने क्रम दिनानुदिन बढ्दै छ । सहकारी वास्तवमा एउटै भूगोलमा बस्ने र समान प्रकृतिका कार्यमा संलग्न व्यक्तिहरूले आफूहरूको हितका लागि सामूहिक रूपमा काम गर्ने अवधारणअनुरूप गणित संस्था हो । यसका निश्चित सिद्धान्त र मूल्यमान्यता हुन्छन् । सिद्धान्त र मूल्यमान्ताअनुसार चल्दा कुनै समस्या आउँदैन तर सिद्धान्तमा त्रुटि हुँदा, त्यसको पालना नगर्दा र मूल्यमान्ताको बेवास्ता गर्दा धेरै किसिमका चुनौती आइपर्दछन् । यसअनुरूप नेपालमा पनि सिद्धान्त तथा नीतिनियमको बेवास्ता गरिएका कारण अनेक प्रकारका समसया आएका देखिन्छन् । नेपालमा धेरै सहकारी संस्थाहरू संस्था दर्ता गर्दादेखि नै अभ्यासमा चुनौती देखिएको छ। विश्वव्यापी रूपमा सफल भएको सहकारी अभियान नेपालमा बग्रेल्ती समस्या देखिनुमा सहकारीका सिद्धान्तमा देखिएको चुनौती, मूल्य मान्यतामा देखिएको चुनौती र सहकारी सञ्चालन गर्दा अपनाइएका अभ्यासहरूमा देखिएका चुनौती रहेका छन् । यसका साथसाथै विद्यमान ऐनकानुनमा देखिएको कमीकमजोरी, सङ्घीय संरचनाअनुसार सहकारीलाई हेर्ने दृष्टिकोण स्पष्ट नहुनु, नियामक निकायले सहकारी संस्थाहरूको समयमा नै अनुगमनमा ध्यान दिन नसक्नु तथा सहकारीमा देखिएका समस्याका बारेमा गठित विभिन्न समिति तथा आयोगले दिएका सुझावहरूको कार्यान्वयन नहुनु सहकारीमा चुनौती देखिनुका कारणहरू रहेका छन् । सहकारीको अभ्यासमा कर्जा सूचना केन्द्र प्रभावकारी बनाउन नसक्नु, लेखापरीक्षण गर्दा संस्थाको जोखिम विश्लेषण नगरी आन्तरिक लेखापरीक्षण गर्ने गर्नु, सहकारी नियममा भएको व्यवस्थाअनुसार संस्थाको निरीक्षण, अनुगमन नेपाल राष्ट्र बैङ्कले गर्नुपर्नेमा सो नगर्नु, सहकारीमा अनावश्यक राजनीतिक हस्तक्षेप गर्नुसमेत सहकारी सञ्चालनमा देखिएका चुनौती हुन् । यस चुनौतीको सामना गर्न सकेका खण्डमा नेपालमा सहकारीको भविष्य उज्जवल हुने देखिन्छ।

सन्दर्भसामग्री

कार्की, गौरीबहादुर (२०८१, भाद्र ५), राजनीतिक हस्तक्षेपले सहकारी थिलथिलो भयो, *टक्सार न्युज ।*

खनाल, रामेश्वर (सन् २०२४, अक्टोबर २७), 'सहकारीमा कसरी समस्या आयो र कसरी समाधान गर्ने ?', *क्लिकमान्डु* ।

गरिबी निवारण नीति (२०७६), भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय, नेपाल सरकार ।

गौतम, भरत, (२०८०, असार ७), सहकारी समस्या र समाधान*, नागरिक दैनिक ।*

ढकाल, सुर्दशनप्रसाद (२०७२), *सातौँ वार्षिकोत्सव स्मारिक,* पाँच तारा बचत तथा ऋण सहकारी संस्था ।

तिमिल्सिना, संजय (२०७९, फाल्गुण ११), 'सहकारी सिद्धान्त ः विधि र व्यवहार', *अन्नपूर्ण पोष्ट*।

त्रिपाठी, वासुदेव (२०७५), *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

नेपालको संविधान (२०७२), नेपाल कानुन आयोग ।

नेपाल राष्ट्र बैङ्क समाचार विशेषाङ्क (२०७१), काठमाडौँ ः नेपाल राष्ट्र बैङ्क ।

नेपालको सहकारी अभियानको लागि दिगो विकास लक्ष्यसम्बन्धी मार्गदर्शन (२०७६), राष्ट्रिय सहकारी महासङ्घ लि. ।

पौड्याल, परितोष (२०७४), *वित्तीय सहकारीको विधिशास्त्र,* विष्णु पौड्याल ।

पन्त, इन्दिरा (२०७९, फाल्गुण १६), 'सहकारी सङ्कटका कारण र समाधानका पाँच उपाय', *अनलाइन खबर*।

पन्त, सरस्वती (२०७२, चैत्र १९), 'सहकारीको महत्त्व र चुनौती', *साभ्fा बिसौनी ।*

बडाल, केशव (२०७१), *सहकारी ?*, केशव बडाल, केशव बडाल ।

बडाल, केशव (२०७५), *दिगो विकास लक्ष्यका लागि सहकारी अन्तराष्ट्रिय अनुभव,* केशव बडाल ।

बडाल, केशव (२०७५), *सहकारी सिद्धान्त र प्रयोग,* केशव बडाल ।

बडाल, केशव (२०७६), *सहकारी स्वायत्तता र स्वतन्त्रता,* केशव बडाल ।

मैनाली, गोपीनाथ (२०७७, आश्विन, २९), किन बाटो बिराउँदैछन् सहकारी ?, *हिमालखबर ।*

रेग्मी, दामोदर (२०७४, पौष १९), बहु आयामिक गरिबी सूचक, *प्रशासन*।

राष्ट्रिय सहकारी नीति (२०६९), सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल सरकार ।

शर्मा, शिवहरि (२०८०, वैशाख ७), सहकारीमा समस्या र समाधानका उपाय, *समाधान मिडिया*।

सहकारी सचेतना पुस्तिका (२०६९), राष्ट्रिय सहकारी महासङ्घ नेपाल ।

सहकारी ऐन, (२०७४) तथा *सहकारी नियमावली* (२०७५), सहकारी विभाग सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नेपाल सरकार ।

सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका (२०७५), नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग ।

सापकोटा, रमाकान्त (२०७८) *रजत स्मारिक,* जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. ।

सहकारी सङ्घसंस्थामा सुशासन प्रबर्द्धनको लागि नेपाल सरकार', एकीकृत निर्देशन (२०७९), भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग ।

सहकारी क्षेत्र सुधार सुभाव कार्यदल प्रतिवेदन (२०८०), नेपाल सरकार ।

सोह्रौँ पञ्चवर्षीय योजना (२०८१), योजना आयोग, नेपाल सरकार ।

सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय विशेष समिति (२०८१), सङ्घीय संसद प्रतिनिधि सभा ।

हाडा, गम्भीरबहादुर (२०७१), *५९औँ विशेषाङ्क नेपाल राष्ट्र बैङ्क समाचार,* नेपाल राष्ट्र बैङ्क ।

Battilani, Patrizia (2012) *Cooperatives Business Movement 1950 to Present*, Cambridge University Press.